# स्थानीय राजपत्र


नारायण नगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

खण्डः१ संख्याः ४ मितिः २०७५/३/३२


**भाग-१**

**नारायण नगरपालिका**

# स्थानीय शिक्षा विधेयक, २०७५

नारायण नगरपालिका

# स्थानीय शिक्षा विधेयक, २०७५
# नारायण नगरपालिका, कर्णाली प्रदेश
# दैलेख

प्रमाणीकरण र प्रकाशन मिति २०७५/३/३२

**प्रस्तावना:**

राष्ट्रको समग्र विकासको लागि सबै बालबालिका र युवाहरूमा उच्च गुणस्तरको सिकाइद्वारा यस नारायण नगरपालिका क्षेत्र तथा देश विकासका लागि आवश्यक पर्ने दक्ष, योग्य, सीपमुलक तथा सक्षम जनशक्ति उत्पादन गर्न, सर्व-साधारण जनतालाई सर्वसुलभ ज्ञान दिई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल आम जनतामा सदाचार, शिष्टाचार र नैतिक आचरण कायम राख्न यस नारायण नगरपालिकाक्षेत्र भित्र अव स्थापना हुने विद्यालय तथा पहिल्यै स्थापना भई सञ्चालन भैरहेका विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरीय विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ (१) ले दिएको अधिकार प्रयोग गरी यस नारायण नगरपालिका क्षेत्र भित्र संविधानका शिक्षा सम्बन्धी प्रावधानहरू मध्ये अनुसूची ८ को क्रम संख्या ८ बमोजिम आधारभूत तथा माध्यामिक शिक्षाको व्यवस्था एवं कार्यान्वयन समेत गर्न वान्छनीय भएकोले नारायण नगरसभाले यो ऐन बनाएको छ ।

१. <u>**संक्षिप्त नाम, विस्तार र प्रारम्भ**</u>

१. यस ऐनको नाम "नारायण नगरपालिका स्थानीय शिक्षा ऐन, २०७४" रहेको छ ।

२. यो ऐन नारायण नगरपालिकाको क्षेत्रभर लागू हुनेछ ।

३. यो ऐन नारायण नगर कार्यपालिकाले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नारायण नगरपालिका क्षेत्र भरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

१. "प्रारम्भिक बालशिक्षा" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बालशिक्षा सम्झनु पर्छ ।

नारायण नगरपालिका

२. “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

३. “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौदेखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

४. “अनौपचारिक शिक्षा” भन्नाले विद्यालयमा भर्ना भई शिक्षा हासिल गर्न नसक्ने व्यक्तिलाई दिइने शिक्षा सम्झनुपर्छ ।

५. “निरन्तर शिक्षा भन्नाले औपचारीक, अनौपचारीक तथा अनियमित रूपबाट निरन्तररूपमा लिइने शिक्षा सम्झनुपर्छ ।

६. “दूर शिक्षा” भन्नाले पत्राचार श्रव्य, दृष्य, श्रव्य दृष्य वा अन्य संचार माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

७. “खुला शिक्षा” भन्नाले शिक्षाको अवसर खुला गराई आफ्नो चाहना आवश्यकता र समयलाई आफ्नो अनुकुलताको आधारमा दिइने औपचारीक शिक्षा सम्झनुपर्छ ।

८. “विशेष शिक्षा” भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

९. “समावेशी शिक्षा” भन्नाले देहायको शिक्षा सम्झनु पर्छ ।

क) दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा ॥

ख) सामाजिक, आर्थिक वा भौगोलिक कारणबाट पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

१०. “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्छ ।

नारायण नगरपालिका

११. प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक शिक्षालय तथा तालिम केन्द्रहरूबाट प्राविधिक विषय सम्बन्धी ज्ञान सिप तथा विषय वस्तुको सिकाई गरी अध्यापन गराइने डिप्लोमा तह तथा अन्य प्राविधिक तथा व्यवसायिक तालिम सम्झनुपर्छ । साथै यसले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न प्राविधिक तथा व्यवसायिक धारको शिक्षण सिकाइ संचालन भएका सामुदायिक विद्यालयबाट कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई समेत जनाउने छ ।

१२. "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको सरकारी निकायबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

१३. "साधारण सामुदायिक विद्यालय"भन्नाले दफा ४ (१) (क) बमोजिमका विद्यालय सम्झनुपर्छ ।

१४. "एकमुष्ट अनुदानमा आधारित सामुदायिक विद्यालय" भन्नाले दफा ४ (१) (क) बमोजिमका विद्यालय सम्झनुपर्छ ।

१५. "संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

१६. "धार्मिक प्रकृतिका विद्यालय" भन्नाले स्थानीय समुदायले आफ्नो धर्म, संस्कृति, रीतिरिवाजको संरक्षण र प्रवर्द्धन समेत गर्न सञ्चालन गर्ने विद्यालयलाई सम्झनु पर्छ । यसले साविकका मदरसा, गुरूकुल र गुम्बा समेतलाई जनाउँछ ।

१७. "प्रारम्भिक बालशिक्षा केन्द्र" भन्नाले प्रारम्भिक बालशिक्षा दिने केन्द्र वा विद्यालय सम्झनु पर्छ ।

१८. "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकसमेतलाई जनाउँछ ।

१९. "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ ।

नगरपालिका

२०. “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

२१. “विद्यार्थी” भन्नाले यस ऐन वमोजिम अनुमति र स्वीकृत प्राप्त विद्यालयमा कुनै पनि कक्षामा अध्ययनकालागि भर्ना भई सम्बन्धित कक्षाको वार्षिक परीक्षाको नतिजा प्रतिक्षारत समेतको व्यक्तिलाई सम्झनु पर्छ ।

२२. “आधारभूत शिक्षा परीक्षा” भन्नाले कक्षा आठको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

२३. “माध्यमिक शिक्षा परीक्षा” भन्नाले कक्षा दशको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ साथै “माध्यमिक शिक्षा उत्तिर्ण परीक्षा” भन्नाले कक्षा बाह्रको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

२४. “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

२५. “अनुमति” भन्नाले नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

२६. “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार नारायण नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

२७. “आवासीय विद्यालय” भन्नाले नारायण नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

२८. “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा समूहले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

२९. “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट (डि.भी.), भिसा

नारायण नगरपालिका

परमानेन्ट रेजिडेन्ट (पी.आर.) भिसा वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

३०. “नगरपालिका” भन्नाले नारायण नगरपालिकालाई सम्झनुपर्दछ ।

३१. “अनिवार्य शिक्षा” भन्नााले संवैधानिक व्यवस्थानुसार आधारभूत शिक्षा सम्झनुपर्छ ।

३२. “उच्च शिक्षा” भन्नाले विश्वविद्यालय र सो अन्तर्गतका शिक्षण संस्थाहरुबाट प्रदान गर्ने शिक्षा सम्झनुपर्छ ।

३. **विद्यालय खोल्न अनुमति लिनु पर्ने**

१. कुनै नेपाली नागरिकहरू वा समुदायले प्रारम्भिक बाल शिक्षा वा सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकाको तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति प्रदान गर्नेछ ।

३. उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्तबन्देज पालना गरेको देखिएमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्न सक्नेछ ।

४. यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले पुनः अनुमति र स्वीकृतिकालागि तोकिएको समय, ढाँचामा तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ । साथै त्यसरी निवेदन दिंदा त्यस्ता विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिनसक्नेछन ।

नारायण नगरपालिका

५. उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदनउपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा मागबमोजिम विद्यालय सञ्चालन गर्न पुनः अनुमति तथा स्वीकृति दिन सक्नेछ ।

६. उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

७. यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठीअन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिएबमोजिम खडा गरी मान्यताप्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्ने ।

नारायण नगरपालिका

८. कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले वा समूहले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

९. उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन ।

१०. उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्ने अनुमति वा स्वीकृति दिइने छैन।

४. **सामुदायिक विद्यालयको प्रकारः**

१. सामुदायिक विद्यालय निम्न दुई प्रकारका हुनेछन ।

(क) साधारणः नगरपालिका वा नेपाल सरकारबाट प्राप्त शिक्षक तथा विद्यालय कर्मचारीको दरबन्दीलाई निरन्तरता दिइएको र विद्यालय व्यवस्थापन तोकिए बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्णयबाट हुने ।

(ख) एकमुष्ट अनुदानमा आधारितः नगरपालिका वा नेपाल सरकारबाट प्राप्त शिक्षक कर्मचारीको दरवन्दी नभएको र नहुने तथा विद्यार्थी संख्याको आधारमा नगरपालिकाबाट एकमुष्ट अनुदान प्राप्त गरी शिक्षक तथा कर्मचारी लगायत अन्य व्यवस्थापन विद्यालय व्यवस्थापन समितिबाटै विद्यालयको विधान बमोजिम हुने ।

५. **माध्यमिक शिक्षाको प्रकारः**

१. माध्यमिक शिक्षा देहायको प्रकारका हुनेछन ।

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा, र

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

नारायण नगरपालिका

२. उपरोक्त खण्ड १(क), (ख) र (ग) बमोजिम शिक्षा दिने विद्यालयहरूको संचालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

६. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनसम्बन्धी व्यवस्थाः**

१. नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा, खुला शिक्षा तथा प्राविधिक तथा व्यवसायिक तालिम सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

२. कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूरशिक्षा वा खुला शिक्षा सञ्चालन गर्न चाहेमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति दिनसक्नेछ ।

३. खुला शिक्षा, दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ । यी सवै प्रकारका शिक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

४. उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दृष्टिविहिन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहिन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्नसकिनेछ ।

५. प्राविधिक तथा व्यवासायिक तालिम सम्बन्धी शिक्षा सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

७. **शिक्षाको माध्यमः**

१. विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुबै भाषा हुनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ ।

(क) विद्यालयले आवश्यकताको आधारमा आधारभूत तहको शिक्षा मातृभाषामा दिन सक्नेछ ।

(ख) गैर नेपाली नागरिकले नगरपालिकाभित्रका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा तोकिएको अन्य कुनै भाषाको विषय अध्ययन गर्नसक्नेछ ।

(ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

(घ) अनिवार्य अंग्रेजी विषय अध्यापन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनुपर्नेछ ।

**८. विद्यालयको पाठ्यक्रम तथा पाठ्यसामग्रीः**

विद्यालयले संघ वा प्रादेशिक सरकार वा सरकारको अधिकार प्राप्त निकायबाट स्वीकृत पाठ्यक्रम लागू गर्नुपर्नेछ । स्वीकृत पाठ्यक्रम बमोजिम अधिकार प्राप्त निकायबाट सिफारीस गरी लागू गर्न तयार गरीएका पाठ्यपुस्तकहरू नगरपालिकाको निर्णय बमोजिम विद्यालयले लागू गर्नुपर्नेछ । स्थानीय सरकारले तोकेबमोजिमको पाठ्यपुस्तक बजारमा उपलब्ध नभएमा पाठ्यक्रमले तोकेको न्यूनतम मापदण्ड नघट्ने गरी अन्य पाठ्यपुस्तक तथा सन्र्दसामग्री समेत नगर शिक्षा समितिको स्वीकृतिमा विद्यालयले लागू गर्न सक्नेछ ।

**९. परीक्षाको सञ्चालन**

विद्यालय तहमा लिइने परीक्षाहरूको संचालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

**१०. नगर शिक्षा इकाईको व्यवस्थाः**

१. नगरपालिकामा विद्यालय शिक्षा हेर्ने प्रयोजनका लागि नगरपालिका अन्तर्गत रहने गरी नारायण सरकारले नगर शिक्षा इकाइको व्यवस्था गर्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम व्यवस्था हुने नगर शिक्षा इकाईमा शिक्षा हेर्ने अधिकारीको रूपम रही काम गर्न मन्त्रालयले नेपाल शिक्षा सेवाको अधिकृत कर्मचारीलाई खटाई पठाएको हुनेछ ।

नारायण नगरपालिका

३. उपदफा २ बमोजिमको शिक्षा हेर्ने अधिकारीको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

११. **नगर शिक्षा समिति**

१. शिक्षाको योजना तथा नीति निर्धारणसम्बन्धी कार्यको समन्वय गर्ने कामको लागि नगर पालिकाअन्तर्गत देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ ।

(क) नगर प्रमुख वा निजले तोकेको कार्यपालिकाको सदस्य -अध्यक्ष

(ख) नगर कार्यपालिकाले तोकेको नगरसभाका सदस्य मध्येबाट कम्तिमा १ जना महिला तथा एक जना दलित सहित ३ जना -सदस्य

(ग) नगरपालिकाको प्रमुख कार्यकारी अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(घ) नगरपालिका क्षेत्रभित्र उत्कृष्ठ योगदान पुर्याएका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येवाट समितिले मनोनित गरेको एक जना महिला सहित २ जना -सदस्य

(ङ) शिक्षाको विकासमा उत्कृष्ट योगदान पुर्याएका समाजसेवी, शिक्षा प्रेमी वा शिक्षाविद्हरुमध्येबाट समितिले मनोनित गरेका कम्तिमा १ जना महिला सहित २ जना - सदस्य

(च) नगरपालिका क्षेत्रभित्र उत्कृष्ट योगदान पुर्याएका विद्यालय व्यवस्थापनसमितिका अध्यक्षहरुमध्येबाट नगरपालिकाले मनोनित गरेका १ जना -सदस्य

(छ) नगरपालिका क्षेत्रभित्र आपङ्गतासम्बन्धि कार्यक्रम सञ्चालन गरेको शैक्षिक संस्थाबाट प्रतिनिधित्व हुने गरी नगरपालिकाले मनोनयन गरेको १ जना -सदस्य

नारायण नगरपालिका

(ज) विद्यालय शिक्षामा योगदान पुर्याएका गैर सरकारी संस्था वा निजी विद्यालयका संस्थाहरुका अध्यक्षहरुमध्ये नगरपालिकाले मनोनयन गरेको १ जना -सदस्य

(झ) नगरपालिका भित्रको शिक्षक महासंघले छनौट गरि पठाएको प्रतिनिधि १ जना -सदस्य

(ञ) श्रोतव्यक्ति -सदस्य

(ट) शिक्षा हेर्ने अधिकृत -सदस्य सचिव

२. नगर उपप्रमुखलाई आमन्त्रित सदस्यको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

३. मनोनित सदस्यहरुको पदावधि दुई बर्षको हुनेछ ।

४. शिक्षा समितिको वैठक कम्तीमा दुई महिनामा एक पटक बस्नुपर्नेछ । आवश्यक्तानुसार समितिको बैठक बढी पटक पनि बस्न सक्नेछ ।

५. वैठक सञ्चालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्ने छ भने वैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

६. उपदफा (१) अन्तर्गत मनोनित समितिका सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा नगरपालिकाले जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सक्नेछ । तर त्यसरी हटाउनु वा बर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकाबाट वञ्चित गरिनेछैन ।

७. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनकालागि आएका निवेदन उपर आवश्यक छानवीन गरी नगरपालिकालाई अनुमतिका लागि सिफारिस गर्ने ।

(ग) विद्यालयहरूलाई उपलब्ध गराउन आवश्यक स्रोतको खोजी गर्ने ।

नारायण नगरपालिका

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तहको परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालय व्यवस्थापन समितिको सहमती बमोजिम शिक्षक सरूवासम्बन्धी कारवाही गर्ने।

(च) विद्यालयहरुको स्थलगत निरीक्षण तथा अनुगमन गरी विद्यालय व्यवस्थापन समितिलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन दिने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई सक्रिय, जागरूक र सजग बनाउन सहयोग गर्ने ।

(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने,

(झ) विद्यालयहरुको सामाजिक र अन्तिम लेखा परीक्षण भए नभएको अनुगमन गर्ने ।

(ज) शैक्षिक गुठीसंग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

(ट) विपद् प्रतिरोधी र बालमैत्री विद्यालय संरचना निर्माण गर्न पहल गर्ने ।

(ठ) विद्यालयमा वालमैत्री सिकाइ वातावरण तयार गर्न सहयोग गर्ने ।

(ड) विद्यालयमा स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने ।

(ढ) विद्यालय तहको पाठ्यक्रममा आधारभूत सहकारीसम्बन्धी बिषयवस्तुलाई समावेश गर्न प्रोत्साहन गर्ने ।

(ण) शिक्षक, विद्यार्थी र अभिभावकको आचारसंहिता कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

नारायण नगरपालिका

(त) आवश्यक्ता र औचित्यताका आधारमा विद्यालय सार्ने, गाभ्ने र नाम परिवर्तन र शिक्षक विद्यार्थीको अनुपातमा दरबन्दि मिलान गर्ने ।

(थ) अन्य तोकिए वमोजिमका कार्यहरू गर्ने ।

**१२. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने**

नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न कम्तीमा दुई वटा वडाहरुको कार्यक्षेत्र रहने गरी एउटा सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**१३. अध्यापन अनुमतिपत्र लिनु पर्ने**

यो ऐन प्रारम्भ भएपछि सवै प्रकारका विद्यालयमा अध्यापन अनुमतिपत्र प्राप्त व्यक्ति मात्र अध्यापनका लागि योग्य हुनेछन् । अध्यापन अनुमतिपत्र नलिई कुनै पनि तहको शिक्षक पदको लागि कोही व्यक्ति पनि उम्मेदवार हुन पाउने छैन । अध्यापन अनुमति पत्र लिने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. अनुदानको व्यवस्था**

१. यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान उपलब्ध गराउने छ । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई उपलब्ध गराउँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सक्नेछ ।

२. विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी व्यवस्था भएका विद्यालयहरूलाई तलब बाहेकका खर्चका लागि तोकिए बमोजिम पूरक प्रति विद्यार्थी अनुदान उपलब्ध गराइने छ ।

३. विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी कम भएका विद्यालयहरूलाई दरवन्दी नपुगेको अनुपातमा तोकिए बमोजिम पूरक प्रति विद्यार्थी अनुदानका साथै तलब बाहेकका खर्चकालागि तोकिएबमोजिम पूरक प्रति विद्यार्थी अनुदान उपलब्ध गराइने छ ।

४. एकमुष्ट अनुदान आधारित सामुदायिक विद्यालयहरूलाई तोकिएको मापदण्डको आधारमा तोकिए बमोजिम प्रति विद्यार्थी एकमुष्ट अनुदान उपलब्ध गराइने छ ।

## १५. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने

नगरपालिकाकामा एक छात्रवृति कोष खडा गरिनेछ । नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका आधाारभूत र माध्यमिक विद्यालयहरुमा भर्ना हुने आर्थिक अवस्था कमजोर भएका तथा पिछडिएको समूहका जेहेन्दार विद्यार्थीहरुलाई विद्यालयको पठनपाठनमा नियमित हुनका लागि तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गरी उपलब्ध गराउन वा विद्यार्थीलाई विद्यालय शिक्षा दिने व्यवस्थाका लागि आर्थिक वा अन्य विशेष सहयोगको व्यवस्था गर्न सकिनेछ । सो व्यवस्था गर्नका लागि तोकिए बमोजिमको छात्रवृति सिफारिश समिति गठन गरिनेछ ।

## १६. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने

(१) नगरपालिकाको सहयोगमा खोलिएका वा यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारबाट अनुदान प्राप्त गरीरहेका प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम उपलब्ध गराउनसक्नेछ । प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत नगरपालिकाअन्तर्गतका विभिन्न समुदायमा सञ्चालनमा रहेका प्रारम्भिक बाल विकास केन्द्रहरुलाई प्रत्येक विद्यालयमा एउटा रहने गरी तथा विदयालय एक अर्कामा गाँभिदा समेत बढी भएको बाल विकास केन्द्रलाई अपुग विद्यालयमा सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

## १७. एकमुस्ट अनुदानको आधारमा विद्यालय सञ्चालन गर्न सकिने

१. नारायण नगरपालिकाबाट शिक्षक कर्मचारीको दरवन्दी प्राप्त नगरेका र भविष्यमा समेत सो प्राप्त नगरी विद्यालय सञ्चालन गर्न राजी भएका विद्यालयका विद्यालय व्यवस्थापन समितिले एकमुष्ट अनुदानको आधारमा विद्यालय सञ्चालन गर्नको लागि तोकिए बमोजिमका शर्तहरू पालन गर्ने गरी प्रतिवद्धता जनाई तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम परेको निवेदनमाथि जाँचबुझ गर्दा विद्यालय व्यवस्थापन समितिले तोकिएको शर्त पूरा गरेको देखिएमा तोकिएको



नारायण नगरपालिका

अधिकारीले त्यस्तो विद्यालयलाई एकमुष्ट अनुदानको आधारमा विद्यालय सञ्चालन गर्न स्वीकृती दिन सक्नेछ ।

३. उपदफा (२) बमोजिम एकमुष्ट अनुदानको आधारमा विद्यालय सञ्चालन गर्न स्वीकृती प्राप्त विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था विद्यालय व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ । यस प्रकारका विद्यालयका शिक्षकलाई व्यवस्थापन समितिले तोके अनुसारको सञ्चय कोष र निवृतिभरण वापतको रकम समेत विद्यालयले संचय कोष तथा नागरिक लगानी कोषमा जम्मा गर्नु पर्नेछ ।

## १८. विद्यालय व्यवस्थापन समिति

१. सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनगर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका अभिभावकले स्वयम मध्येवाट छानी पठाएको व्यक्ति -अध्यक्ष

(ख) विद्यालयका अभिभावकले आफू मध्येबाट छानी पठाएका १ जना महिला सहित २ जना -सदस्य

(ग) विद्यालय रहेको नगरपालिकाको सम्बन्धित वडा अध्यक्ष वा वडा समितिका सदस्य मध्येबाट सो वडा समितिले मनोनयन गरेको १ जना -सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्ष देखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गर्ने व्यक्तिहरूबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना -सदस्य

(ङ) विद्यालयका शिक्षकले आफूमध्ये छानि पठाएको एक जना -सदस्य

(च) विद्यालय शिक्षक अभिभावक संघका अध्यक्ष -सदस्य

नगरपालिका

(छ) विद्यालयको उच्चतम कक्षामा अध्ययनरत विद्यार्थीहरुमध्ये छात्र र छात्रा २ जना -सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

२. प्राविधिक र व्यावसयिक विषयमा अध्ययन वा तालीम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका वा प्रादेशिक स्तरका उद्योग व्यवसायी क्षेत्रका दुईजना प्रतिनिधि सदस्य रहनेछन ।

३. विद्यालय व्यवस्थापन समितिको अध्यक्षको अनुपस्थितीमा सो समितिको जेष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

४. विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा अभिभावकबाट मनोनित हुनेसदस्य मध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा अनौपचारिक कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछन ।

५. व्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन नगरपालिका स्वयमले गर्नेछ ।

६. व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट नगर प्रमुखबाट मनोनित भएको व्यक्ति -अध्यक्ष

नागार्जुन नगरपालिका

(ख) अभिभावकहरू मध्येबाट एकजना महिलासमेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट नगरपालिकाले मनोनित गरेको एकजना -सदस्य

(घ) नगरपालिकाको शिक्षा हेर्ने अधिकृत प्रतिनिधी -सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालय रहेको क्षेत्रको वडाको निर्वाचित अध्यक्ष वा वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक -सदस्य

(ज) विद्यालयको संस्थापक वा लगानीकर्ताहरूले तोकेको व्यक्ति - सदस्य सचिव

८. मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आनो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

९. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विद्यार्थीहरूको तोकिए बमोजिमको सिकाई उपलब्धि सुनिश्चित गर्नको लागि नियमित सिकाइ क्रियाकलापको अनुगमन लगायत अन्य आवश्यक व्यवस्था गर्ने ।

(ख) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

नारायण नगरपालिका

(ग) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(घ) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(ङ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(च) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(छ) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने, गराउने,

(ज) दरवन्दीमा कार्यरत स्थायी शिक्षक र कर्मचारीलाई विद्यालयको अध्यापन कार्यमा बाधा नपर्ने गरी अन्य विद्यालयमा र अन्य विद्यालयबाट सरूवाको लागि ल्याउन नगर शिक्षा समितिलाई सहमति दिने ।

(झ) नगरपालिकाबाट विद्यालयको सहमतिमा सरूवा गरिएका स्थायी शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने ।

(ञ) विधानमा तोकिए बमोजिम प्रधानाध्यापक नियुक्त गर्ने ।

(ट) प्रधानाध्यापकको कार्य सम्पादन मूल्यांकन गर्ने ।

(ठ) तोकिएको निकायबाट शिक्षण अनुमति पत्र प्राप्त उम्मेदवारहरू मध्येबाट तोकिएको प्रकृयाबाट छनोट भएका उमेदवारलाई शिक्षक पदमा नियुक्ती गर्ने ।

(ड) सामुदायिक विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी विद्यालयले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिएबमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

नारायण नगरपालिका

(ढ) एकमुष्ट अनुदानमा आधारित सामुदायिक विद्यालयले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

(ण) विद्यालयका शिक्षक तथा कर्मचारीलाई तोकिए बमोजिम विभागीय कारवाही गर्ने ।

(थ) नगरपालिकाले तोकेको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको अन्तिम लेखा परीक्षण गराउने,

(द) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन नगरपालिकामा पेश गर्ने,

(ध) यस ऐनमा तोकिए बमोजिमका विषयमा नगरपालिकाले दिएका निर्देशनहरूको पालना गर्ने ।

१०. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) विद्यालय सञ्चालनको लागिसाधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) संघले तोकेको न्यूनतम पारिश्रमिकमा नघटाई शिक्षकलाई तलब दिने,

(ज) अनुशासनहीन शिक्षक तथा कर्मचारी उपर कारवाही गर्ने,

नागार्जुन नगरपालिका

(झ) शिक्षा ऐन तथा नियममा तोकिएका विषयमा नगरपालिकाको निर्देशनहरूको पालना गर्ने

११. शैक्षिक गुठी अन्तर्गतसञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख रव्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १९. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने

१. कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाइ नगरपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई तोकिएको प्रकृया पुर्याइ विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगरपालिकाले सम्बन्धित वडाको वडाध्यक्षको अध्यक्षतामा श्रोतव्यक्ति र प्रअ सदस्य रहेको एकअस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

## २०. विद्यालयको विधान

१. ऐन र नियमसँग नबाझिने गरी प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विधान अभिभावक सभाबाट पारित गराई लागू गर्नुपर्नेछ ।

२. अभिभावक सभाले आवश्यकता अनुसार विधान संसोधन गर्न सक्नेछ ।

३. विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक लगायत सम्बन्धित अन्य सबैको कर्तव्य हुनेछ ।

४. अध्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट ७ दिन भित्र व्यवस्थापन समितिले नगरपालिका कार्यालयमा पेश गर्नु पर्नेछ ।

५. विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनुपर्नेछ ।

नागार्जुन नगरपालिका

## २१. नगरपालिका शिक्षा विकास कोष

१. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगरपालिका स्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ ।

२. उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन ।

(क) संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ख) नगर कार्यपालिकाबाट प्राप्त अनुदान रकम,

(ग) तोकिए बमोजिमको शिक्षा करबाट उठेको रकम,

(घ) स्वेच्छिक चन्दाबाट प्राप्त रकम, र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

## २२. कोष सञ्चालक समिति

१. कोषसञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

२. उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## २३. विद्यालय कोष

१. प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः

(क) नगरपालिकाको स्थानीय सञ्चित कोषबाट प्राप्त अनुदान,

(ख) नगरकार्यपालिका शिक्षा विकास कोषबाट प्राप्त अनुदान,

(ग) शुल्कबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त सहयोग रकम,

नगरपालिका

(ङ) आयमूलक कृयाकलापबाट आर्जन भएको रकम र

(च) अन्य स्रोतबाट प्राप्त रकम

२. उपदफा (१) बमोजिमको कोषको सञ्चालन विद्यालयको विधानमा तोके बमोजिम र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

## २४. नगरपालिकाले निर्देशन दिन सक्ने

१. नगरपालिकाले ऐन प्रतिकुल नहुने गरी तोकिएको क्षेत्रसंग सम्बन्धित आवश्यक निर्देशनहरू नगर शिक्षा समिति मार्फत विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

१. उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

## २५. नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्नसक्ने

(१) नगरपालिका अन्तर्गत सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तह वा कक्षा घटाउने कार्य तोकिएको मापदण्डको आधारमा नगर शिक्षा समितिले गर्नेछ ।

(३) उपदफा १ बमोजिम गाभिएर गएको आधारभूत तह सञ्चालन भएको विद्‌यालयमा अर्को विद्‌यालय मातृ विद्‌यालय रहने गरी तोकिएबमोजिम प्रारम्भिक बाल विकास केन्द्र कायम गर्न सकिनेछ ।

## २६. विद्यालयको सम्पत्ति

१. सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा वा अन्य कुनै शैक्षिक र सामाजिक क्रियाकलापमा प्रयोग गर्न सक्नेछ ।

२. निजी शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति

नागार्जुन नगरपालिका

सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइने छैन ।

३. कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

४. संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग बाट सहयोग वा दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकामा जानकारी दिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि प्रचलित नेपाल कानुन बमोजिम नगरकार्यपालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

५. उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पत्ति नगर कार्यपालिकाको स्वीकृती बेगर बेचबिखन गर्न पाइने छैन ।

२७. **विद्यालयलाई छूट र सुविधा**

१. प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

२. उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नगर कार्यपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

३. सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छूट र सुविधा तोकिए बमोजिम हुनेछ ।

२८. **अनुमति वा स्वीकृति रद्द गर्ने**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमविपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आनो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

नागार्जुन नगरपालिका

## २९. विद्यालयको वर्गीकरण

सामुदायिक र संस्थागत दुबै प्रकारका विद्यालयहरुलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

## ३०. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्ने

१. विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

२. उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ ।

## ३१. शुल्कसम्बन्धी व्यवस्था

१. नगर कार्यपालिकाले निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि भर्ना भएका विद्यार्थी संख्या र तोकिएको प्रति विद्यार्थी लागतको आधारमा नगर कार्यपालिकाले सामुदायिक विद्यालयलाई अनुदान निकासा गर्ने छ र त्यस्तो अनुदान प्राप्त गरेको विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

३. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि एकमुष्ट विद्यालय अनुदानमा आधारित सामुदायिक विद्यालयले अनुदानबाट खर्च नव्यहोरिएका विद्यार्थीहरू मध्येका शुल्क तिर्न राजी अभिभावकहरूबाट शुल्क उठाउनबाट बन्देज लाग्ने छैन तर शुल्क तिर्न राजी नभएको कारणबाट कुनै पनि बालबालिकालाई शिक्षाबाट बञ्चित गर्न पाइने छैन ।

४. सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

५. दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट नि:शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

६. उपदफा (१) बमोजिम निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको मापदण्डको आधारमा निर्धारण गर्नु पर्ने छ ।

७. संस्थागत विद्यालयको हकमा विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुन: सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

८. विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

९. संस्थागत विद्यालयले शैक्षिक वर्ष शुरू हुन कम्तिमा तीन महिना अगाडि तोकिएको मापदण्ड बमोजिम शुल्क लागू हुने अवधि, उपलब्ध हुने सुविधा सम्बन्धी व्यवहार स्पष्ट रूपमा खुलाई शुल्क सम्बन्धी विवरण सार्वजनिक गरी नगरपालिकामा पेश गर्नुपर्नेछ । शुल्क सम्बन्धी विवरणमा खुलाइएको व्यवस्था कुनै पनि बहानमा परिवर्तन गर्न पाइने छैन । त्यस्तो गरिएको पाइएमा सम्बन्धीत विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ र दुई पटक भन्दा बढी शुल्क सम्बन्धी व्यवस्था उल्लंघन गर्ने विद्यालयको स्वीकृती तोकिएको प्रकृया पुरा गरी रद्द गर्न सकिनेछ ।

३२. **नेपाल शिक्षक महासंघ तथा शिक्षक कर्मचारीको पदीय आचरण सम्बन्धी व्यवस्था**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न तोकिए बमोजिम शिक्षक महासंघको सदस्य हुन पाउने छन् । नगरपालिकाको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि आवश्यकताअनुसार छलफल र सौदाबाजी गर्न शिक्षक महासंघ र सो अन्तर्गतका संस्थाका प्रमुखहरु तथा नगरपालिका प्रतिनिधीहरु रहेको तोकिए बमोजिमको एक संवाद समिति हुनेछ । शिक्षक महासंघमा आवद्ध शिक्षकहरूले पालन गर्नुपर्ने पदीय आचरण सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. **शिक्षक वा कर्मचारीलाई हटाउन सक्ने**

नागार्जुन नगरपालिका

१. देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले नगर शिक्षा समितिसमक्ष तोकिएबमोजिम कार्वाहीका लागि सिफारिश गर्न सक्नेछ ।

(क) तोकिए बमोजिमका पदीय दायित्व बाराम्बार पूरा नगरेमा,

(ख) बिना सूचना लगातार १५ दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापनवा काम गरेमा वा अन्य कुनै व्यावसायिक कृयाकलाप गरेमा,

(च) कार्यसम्पादन असन्तोषजनक रहेमा,

(छ) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा,

(ज) शिक्षक वा कर्मचारीहरूले व्यवसायिक हक हितका नाममा सक्रिय रूपमा अमुक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(झ) स्थायी आवासीय अनुमति लिएमा ।

२. उपदफा (१) बमोजिम कार्यरत शिक्षक वा कर्मचारीलाई कार्वाही गर्नु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ । यस खण्डको प्रयोजनको लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान वमोजिम गठित संघ, प्रदेश वा स्थानीय तहका कार्यकारिणी समिति सम्झनु पर्छ ।

**३४. स्थायी आवासीय अनुमति लिन नहुने**

नारायण नगरपालिका

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

३५. **शैक्षिक योग्यता**

विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

३६. **शिक्षक विद्यार्थीको अनुपात मिलाउन पर्ने**

नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

३७. **शिक्षक र कर्मचारीलाई अन्य काममा लगाउन नहुने**

१. सामुदायिक विद्यालयको शिक्षक र कर्मचारीलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३८. **अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने**

१. दफा ३४ (१) मा उल्लेख भएका वा अन्य कुनै आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक र कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

२. उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनः बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

३९. **शिक्षकको सरूवा**

नागार्जुन नगरपालिका

१. सरूवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई निज कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरूवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी सम्बन्धित नगरपालिकाले तोकिए बमोजिमको प्रकृया अपनाइ रिक्त दरवन्दीमा सरूवा गर्न सक्नेछ ।

२. सरूवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई नगरपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी अर्को स्थानीय तहमा सरूवाको लागि विद्यालयको व्यवस्थापन समितिले तोकिए बमोजिमको प्रकृया अपनाइ सहमति दिन सक्नेछ ।

## ४०. दरवन्दी मिलान

नगरपालिकाभित्र तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयहरूबाट दरवन्दी नभएको वा अपुग भएको विद्यालयहरूमा रिक्त दरवन्दी वा शिक्षक सहितको दरवन्दी मिलान गर्ने कार्य नगर शिक्षा समितिले गर्नेछ ।

## ४१. संस्थागत विद्यालयको हकमा लागू नहुने

१. यस ऐनमा लेखिएदेखि बाहेक दफा १८, १९(छ), १९(ट), १९ (ठ) दफा २४ को उपदफा (१) तथा उपदफा (४) को खण्ड (क), (घ) र (ङ) मा उल्लेखित व्यवस्थाहरू संस्थागत विद्यालयको हकमा लागू हुने छैन ।

२. संस्थागत विद्यालयको नाम परिवर्तन गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ

## ४२. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने

१. संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित वा जनजाति विद्यार्थीलाई तोकिएको मापदण्डको आधारमा छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम छात्रवृत्ति वितरण गर्नका लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा तोकिए बमोजिमको एक छात्रवृत्ति सिफारिश समिति रहनेछ ।

नारायण नगरपालिका

३. समितिले नगरपालिकाले तयार पारेको मापदण्ड भित्र रही छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नुपर्नेछ ।

४. छात्रवृत्ति छनौट सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**४३. तथ्यांक र प्रगति विवरण बुझाउनु पर्ने**

सामुदायिक र संस्थागत विद्यालयले निर्देशनानुसार विभिन्न समयमा तोकिए बमोजिमका विवरणसहितको तथ्यांक र प्रगति विवरण नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

**४४. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने**

दफा १९ (ज) मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

**४५. कर्मचारी सम्बन्धी व्यवस्था**

१. सामुदायिक विद्यालयमा यो ऐन लागु हुँदाको बखत कायम रहेको पूर्ति भएको कर्मचारीको दरबन्दी यथावत रहनेछ र विद्यालयका लागि आवश्यक अन्य कर्मचारी विद्यालयले अनुदानको आधारमा गर्नेछ ।

२. उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४६. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने**

१. विद्यालयले कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

२. विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दूर्व्यवहार गर्न पाइने छैन ।

**४७. दण्ड सजाय**

नारायण नगरपालिका

१. कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

२. कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी एकलाख रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्यगरेमा,

(ग) परीक्षा केन्द्रमा सम्वन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा सर्त तोकी दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिइ कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, व्रिजकोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा संचालन गरेमा ।

३. उपदफा (१) र (१) (क) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनैशिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

४. कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम उलंघन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ ।

(क) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्काशन गर्ने,

(ख) कसूरको मात्रा हेरी एक हजार रूपैयाँ देखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्ने,

(ग) विद्यालयलाई नगरपालिकाको सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(घ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

५. उपदफा (४) (क)बमोजिम कारवाही गर्नु पूर्व विद्यार्थीको अभिभावकको सहमती अनिवार्यरूपमा लिनुपर्ने छ ।

४८. **सम्पत्ति सम्बन्धी मुद्दाको तहकिकात र दायरी**

१. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा जुनसुकै कुरा लेखिएको भएतापनि सो ऐनको दफा १७ को उपदफा (१) बमोजिम सजायहुने कसूर सम्बन्धी मुद्दाको तहकिकात तोकिएको अधिकारीले गर्नेछ र यस्तो तहकिकातको काम पूरा गरी मुद्दा हेर्ने अधिकारी समक्ष सम्बन्धित विद्यालयको नामबाट मुद्दा दायर हुनेछ ।

२. उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा तोकिएको अधिकारीले सरकारी वकीलको राय सल्लाह लिन सक्नेछ ।

४९. **मुद्दा हेर्ने अधिकारी**

दफा ४८ को उपदफा (१) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दामा तोकिएको अधिकारीले कारवाही र किनारा गर्नेछ ।

५०. **नगरकार्यपालिका वादी हुने**

१. दफा ४८ को उपदफा (१) र (२) बमोजिमको मुद्दामा नगरकार्यपालिका वादी हुनेछ ।

नारायण नगरपालिका

२. दफा ४८ को उपदफा (२) बमोजिमको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

## ५१. पुनरावेदन

१. दफा ५० बमोजिम तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

२. दफा ४८ को उपदफा (४) बमोजिम तोकिएको अधिकारीले गरेको सजाय उपर तोकिएकोअदालत समक्ष पुनरावेदन लाग्नेछ ।

५३ नगर शिक्षा योजना

नगरपालिकाको आवधिक नगर शिक्षा योजना नगर शिक्षा समितिले स्वीकृत गर्नेछ र कार्यान्वयन गर्ने जिम्मेवारी पनि समितिको हुनेछ ।

## ५४ नियम बनाउने अधिकार

३. यस ऐनको उद्देश्य कार्यान्वित गर्न यस ऐनमा तोकिएका प्रावधानसंग प्रतिकूल नहुने गरी नगरपालिकालठ` आवश्यक नियम बनाउन सक्नेछ ।

४. उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी सो नियमद्वारा खास गरी देहायका विषयहरूको व्यवस्था हुन सक्नेछ ।

(क) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यालयलाई दिइने अनुदान,

(ग) विद्यालयको परीक्षा,

(घ) विद्यालयको अतिरिक्त क्रियाकलाप र कार्यक्रमको निर्धारण,

(ङ) विद्यालयका शिक्षक तथा कर्मचारीको शपथग्रहण सम्बन्धी,

(च) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरीका र विद्यार्थीहरूको संख्या,

नारायण नगरपालिका

(छ) विद्यालयको सम्पत्तिको सुरक्षा,

(ज) विद्यालयको छात्रावास चलाउने,

(झ) विद्यालयको आय-व्ययको जाँच,

(ञ) विद्यालयको किताब, बही र अन्य कागजात तयार गर्ने र राख्ने तरीका,

(ट) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री,

(ठ) शिक्षक तथा विद्यार्थीहरूको आचार संहिता,

(ड) विद्यालयको पुस्तकालय र वाचनालय,

(ढ) शिक्षण तथा विद्यालय व्यवस्थापन तालीम,

(ण) विद्यालयका दरवन्दीका शिक्षकहरू कर्मचारीहरूको सेवा शर्त सम्बन्धी,

(त) विशेष शिक्षा,

(थ) अनौपचारिक शिक्षा,

(द) दूर शिक्षा तथा खुला शिक्षा,

(ध) विद्यार्थी सल्लाह, सहायता तथा निर्देशन सेवा,

(न) आवासीय विद्यालय सञ्चालन गर्ने,

(प) संस्थागत विद्यालय सम्बन्धी,

(फ) कोचिङ क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षासम्बन्धी स्थानीय सरकारको अनुमतिमा खोल्ने पाउने व्यवस्थापन गर्ने,

(ब) आधारभूत तह परीक्षा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी तथा अन्य आवश्यक विषयहरु ।

नारायण नगरपालिका

## ५५ बाधा अडकाउ फुकाउने अधिकार

यस ऐनको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा-अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन (नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश निकाल्न सक्नेछ) र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

## ५६ बचाउ र लागू नहुने

५. यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुन बमोजिम भए गरेको मानिनेछ ।

६. यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिनागरेको कसूर भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

प्रमाणीकरण र प्रकाशन मिति २०७५/३/३२

आज्ञाले,
जगत बहादुर बस्नेत

प्रमुख प्रशासकीय अधिकृ

नारायण नगरपालिका